केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४११४०७
फ्याक्स : ४१४५५२
E-mail : <bkpromot@htp.com.np>
Web Sites : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्याःबै.वि.नि.वि. ⁄ नीति ⁄ परिपत्र ⁄ २५।०६३।०६४ मितिः २०६४।०१।२

सबै इजाजतपत्र प्राप्त वाणिज्य बैंक तथा वित्तीय संस्थाहरु ।

विषयः- पूँजी वृद्धि बारे ।

महाशय,

यस बैंकको मिति २०६३।१२।१३ को निर्णयानुसार बैंक ⁄ वित्तीय संस्था संस्थापना एवं वित्तीय कारोवार गर्ने इजाजतपत्र सम्वन्धी नीतिगत एवं प्रकृयागत व्यवस्था २०६३ जारी गरी लागु गरिएको र उक्त नयाँ व्यवस्था अनुसार हाल सञ्चालनमा रहिरहेका बैंक तथा वित्तीय संस्थाहरुसंग सम्बन्धित प्रावधानहरु तहाँको जानकारी एवं आवश्यक कार्यार्थ अनुरोध गर्दछु ।

१. बैंक तथा वित्तीय संस्थाहरुको वर्गीकरण र न्यूनतम चुक्ता पूँजी सम्वन्धी आवश्यक न्यूनतम चुक्ता पूँजी

| वर्ग | राष्ट्रिय स्तर | क्षेत्रीय स्तर* | ४-१० जिल्ला* | १-३ जिल्ला* |
|---|---|---|---|---|
| "क" | रु. २०० करोड | - | - | - |
| "ख" | रु. ६४ करोड | - | रु. ३० करोड a/<br>रु. २० करोड | रु. ३० करोड a/<br>रु. १० करोड |
| "ग" | रु. ३० करोड a/<br>रु. २० करोड | -<br>- | -<br>- | रु. ३० करोड a/<br>रु. १० करोड |
| "घ"b/ | रु. १० करोड | रु. ६ करोड# | रु. २ करोड c/ | रु. १ करोड |

* काठमाडौं उपत्यका बाहेक । यस्ता वित्तीय संस्थाहरुको कार्य क्षेत्र ⁄ परियोजना तोकिएका जिल्लाहरुमा सीमित रहने ।
a/ लिजिङ्ग कारोवार गर्ने वित्तीय संस्थाको हकमा मात्र लागू हुने ।
b/ लघुवित्त कारोवार मात्र गर्ने वित्तीय संस्था ।
c/ पहाडि क्षेत्रका थप ५ जिल्लामा समेत ।
# विकास क्षेत्र भित्र सञ्चालन हुने ।

२. हाल सञ्चालनमा रहिरहेका बैंक तथा वित्तीय संस्थाहरूले २०७० आषाढ मसान्तभित्र नयाँ व्यवस्था गरिए अनुसारको चुक्ता पूँजी समानुपातिक रूपमा बाँकी वर्षहरूमा पूरा गर्न २०६४ आषाढ मसान्तलाई आधार वर्षको रूपमा लिई आ.व. २०६४।६५ देखि हरेक वर्ष नपुग रकमको समानुपातिक दरले बृद्धि गर्दै लैजानु पर्ने र सोही बमोजिमको व्यावसायिक योजना ⁄ पूँजी योजना (Captal Plan) पेश गर्नुपर्ने । यसरी पूँजी पुऱ्याउँदा उल्लिखित पूँजीमा कम्तीमा ८० प्रतिशत चुक्ता पूँजी र बाँकी २० प्रतिशत प्राथमिक

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४११४०७
फ्याक्स : ४१४५५२
E-mail : <bkpromot@htp.com.np>
Web Sites : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पूँजीमा गणना हुने अन्य श्रोतबाट समेत पूरा गर्न सक्ने ।

३. वि.सं.२०७० आषाढ मसान्तभित्र माथि उल्लिखित प्रावधान वमोजिम तोकिएको वर्षको चुक्ता पूँजी पूरा नगर्ने बैंक तथा वित्तीय संस्थाहरुलाई देहायबमोजिमको कारवाही हुने । यस प्रयोजनको लागि चुक्ता पूँजी पूरा नभएको वर्षलाई आधार वर्षको रुपमा लिइने ।

(क) आ.व. २०६४।६५ मा तोकिएको चुक्ता पूँजी नपुऱ्याउनेलाई लाभाँश रोक्का राख्ने ।

(ख) आ.व. २०६५।६६ मा तोकिएको चुक्ता पूँजी नपुऱ्याउनेलाई निक्षेप संकलन गर्न समेत प्रतिवन्ध लगाईने ।

(ग) आ.व. २०६६।६७ मा तोकिएको चुक्ता पूँजी नपुऱ्याउनेलाई कर्जा लगानीमा समेत प्रतिवन्ध लगाईने ।

(घ) आ.व. २०६७।६८ मा तोकिएको चुक्ता पूँजी नपुऱ्याउनेलाई कर्जा असुली तथा निक्षेप भुक्तानी वाहेकका सम्पूर्ण कारोवारमा प्रतिवन्ध लगाईने । सो अवधिपछि इजाजतपत्र रद्ध गर्नेतर्फ समेत कारवाही अगाडी बढाइने ।

(ङ) माथि उल्लिखित चुक्ता पूँजी नपुग भएका दुई वा सोभन्दा बढी बैंक तथा वित्तीय संस्थाहरुले उल्लिखित अवधिभित्र आपसमा गाभिने गरी यस बैंक समक्ष प्रस्ताव पेश गरेमा ती दुवै संस्थामा कायम रहेको पूँजीलाई जोडी चुक्ता पूँजी प्रयोजनको लागि गणना गरिने ।

४. कुनै व्यक्ति फर्म, कम्पनी, एकाघर परिवार वा संगठित संस्थावाट संस्थापक शेयरमा लगानी गर्दा यस बैंकबाट इजाजतपत्र प्राप्त कुनै १ (एक) बैंक तथा वित्तीय संस्थामा बढीमा १५ प्रतिशत र अन्य बैंक तथा वित्तीय संस्थाहरुमा चुक्ता पूँजीको बढीमा १ प्रतिशतसम्म मात्र लगानी गर्न सकिनेछ । विगतमा एक भन्दा बढी बैंक तथा वित्तीय संस्थामा संस्थापक वा संस्थापक समूह भई लगानी गरेको रकम यो नीति लागू भएको मितिले ५ वर्षभित्र आवश्यक प्रक्रिया पुऱ्याईवेचविखन गरी/ हटाई उल्लिखित सीमा भित्र सीमित हुने व्यवस्था कायम गर्नु पर्नेछ ।

५. विगतमा लघु वित्त कारोवार गर्ने विकास बैंकहरुको शेयर प्रति व्यक्ति एकाघर परिवार, फर्म, कम्पनी वा संगठित संस्था वा एकै समूहका कम्पनीले २५ प्रतिशतभन्दा बढी शेयर लिएको भएमा २०६८ आषाढ मसान्तभित्र २५ प्रतिशतको सीमाभित्र ल्याउनु पर्नेछ।

६. यस बैंकबाट वित्तीय कारोवार गर्न इजाजतपत्र प्राप्त गरेका कुनै बैंक तथा वित्तीय संस्थामा एकाघर परिवार, फर्म, कम्पनी, संगठित संस्था वा एउटै समूहको कम्पनीबाट एक भन्दा बढी व्यक्ति संचालक पदमा मनोनयन/निर्वाचन हुन सक्ने छैन । तर लघु वित्त विकास बैंकको कारोवार गर्ने "घ" वर्गको वित्तीय संस्थाको हकमा उपरोक्त व्यवस्था लागू हुने छैन ।

हाल एकै परिवार/फर्म/कम्पनी/समूहबाट एक भन्दा बढी व्यक्ति एउटै संस्थामा सञ्चालक रहेको भए आगामी साधारण सभा वा वढीमा एकवर्ष भित्र जुन पहिला हुन्छ

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४११४०७
फ्याक्स : ४१४५५२
E-mail : <bkpromot@htp.com.np>
Web Sites : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

सोही वमोजिम व्यवस्था गरी एकजना मात्र सञ्चालक रहने व्यवस्था मिलाउनु पर्नेछ ।

साथै, उपरोक्तानुसारको व्यवस्था वारेको विस्तृत जानकारी यस बैंकको वेवसाइट www.nrb.org.np मा उपलब्ध भएको व्यहोरा अनुरोध गर्दै त्यस बैंक/वित्तीय संस्थाको पूँजी योजना वा व्यावसायिक कार्ययोजना पेश गर्नु हुन अनुरोध गर्दछु ।

**भवदीय**

(केशवराज आचार्य)
**निर्देशक**

बोधार्थ

1. नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
2. नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
3. नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
4. नेपाल राष्ट्र बैंक, कानून महाशाखा ।
5. नेपाल राष्ट्र बैंक, सूचना प्रविधि विभाग ।
6. जिल्ला स्थित कार्यालयहरु ।
7. नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
8. विकास बैंक तथा वित्तीय संस्था संघ नेपाल, बबरमहल, काठमाण्डौं ।
9. नेपाल वित्त कम्पनी संघ, वागदरवार, विजनेस कम्प्लेक्स, काठमाण्डौं ।